सम्बत् २०७८ साल बैशाख ०५ गते आइतबार बसेको मुसिकोट नगर कार्यपालिका बैठकका निर्णयहरु

आर्थिक बर्ष २०७७/०७८ बैठक संख्या ११

| क्र. सं. | बिषयगत शाखा / उपशाखा / ईकाइ | निर्णयको संक्षिप्त ब्यहोरा |
|---|---|---|
| १. | योजना अनुगमन तथा प्रशासन शाखा | १. राष्ट्रिय जनगणना, २०७८ मा सबै नागरिकको सहभागि गराउन र पूर्ण गणनाको प्रत्याभूत गर्ने प्रयोजनका लागि प्रत्येक वडाले तपशिल अनुसारको वडास्तरीय जनगणना सहजीकरण समिति गठन गरी गणना कार्यमा खटिने गणक तथा सुपरिवेक्षकलाई आबश्यक सहयोग गर्नुका साथै आफ्नो वडा भित्रका सबै घरपरिवार तथा व्यक्तिहरुलाई गणना कार्यमा भाग लिन उत्प्रेरित गर्ने अन्य कार्य राष्ट्रिय जनगणना, सन्चालन निर्देशिका, २०७७ को दफा ७७ र ७८ अनुसार हुने । सहजीकरण समितिलाई बढिमा २ वटा बैठकको लागि प्रति बैठक व्यवस्थापन (खाजा) खर्च रु १,००० र प्रति सदस्य रु १,००० बैठक भत्ता नगरपालिकाले व्यवस्थापन गर्ने निर्णय गरियो ।<br><br>**तपशिल**<br>क) संयोजक, सम्बन्धित वडाको वडा अध्यक्ष १<br>ख) वडा कार्यालयले तोकेको वडास्थित विद्यालयको प्रधानाध्यापक १<br>ग) सम्बन्धित वडाको वडा अध्यक्षले तोकेको वडा सदस्य १<br>घ) सम्बन्धित वडाको वडा अध्यक्षले तोकेको महिला वडा सदस्य १<br>ङ) सम्बन्धित वडाको वडा सचिव १<br><br>२. नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमान्डौंको समन्वय कर्णाली प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश सुशासन केन्द, सुर्खेत प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम र मुसिकोट नगरपालिकाको आयोजनामा मिति २०७८।०१।०२ देखि ५ गते सम्म संचालन भएको स्थानीय तह संस्थागत स्वमुल्याङ्कन कार्यक्रमको आधारमा सम्पर्क व्यक्तिले एकिकृत रुपमा प्रारम्भिक नतिजा प्रस्ताव तयारी गरी प्रमुख प्रशासकीय अधिकृतले छलफलका लागि कार्यापालिका बैठकमा पेश गरेको नतिजा उपर सूचकगत रुपमा छलफल र विश्लेषण गरी तपशिल अनुसार यथार्थ अंकभार निर्धारण गरियो ।<br><br>तपशिल |

| सि.न | विषय क्षेत्र | जम्मा | सूचक संख्या |
|---|---|---|---|

नि. प्रमुख प्रशासकीय अधिकृत

मुसिकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मुसिकोट रुकुम (पश्चिम)
कर्णाली, प्रदेश, नेपाल
२०७३

| . | | मा | समग्र अवस्था | प्रा. अं. | प्रकृयागत अवस्था | प्रा.अं. | परिमाणात्मक अवस्था | प्रा.अं. | जम्मा प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | सूचक क्षेत्र १: शासकीय प्रबन्ध | ९ | ३ | २।७५ | ४ | ३ | २ | २ | ७।७५ |
| २ | सूचक क्षेत्र २: संगठन तथा प्रशासन | ८ | २ | १।५ | ३ | २ | ३ | २।५ | ६ |
| ३ | सूचक क्षेत्र ३: बार्षिक बजेट तथा योजना तर्जूमा व्यवस्थापन | ११ | २ | १ | ४ | २।५ | ५ | २।५ | ६ |
| ४ | सुचक क्षेत्र ४: वित्तिय एवम् आर्थिक व्यवस्थापन | ११ | २ | १।७५ | ४ | ३ | ५ | ४।५ | ९.२५ |
| ५ | सूचक क्षेत्र ५: सेवा प्रवाह | १६ | ३ | २।५ | ४ | २।५ | ९ | ७ | १२ |
| ६ | सूचक क्षेत्र ६: न्यायिक कार्यसम्पादन | ७ | १ | १ | ३ | ३ | ३ | ३ | ७ |
| ७ | सूचक क्षेत्र ७: भौतिक पूर्वाधार | १३ | ३ | ० | ४ | ०।५ | ६ | ४ | ४।५ |
| ८ | सूचक क्षेत्र ८: सामाजिक समावेशीकरण | १० | २ | २ | ४ | ३ | ४ | २।५ | ७।५ |
| ९ | सूचक क्षेत्र ९: वातावरण संरक्षण तथा विपद् | ९ | १ | १ | ३ | ० | ५ | ३।५ | ४।५ |

नि. प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | व्यवस्थापन | | | | | | | |
| १० | सूचक क्षेत्र १०: सहकार्य र समन्वय | ६ | २ | १ | १ | १ | ३ | २ | ४ |
| जम्मा | | १०० | २१ | १५ | ३४ | २१ | ४५ | ३४ | ६८।५ |

३. नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमान्डौंको समन्वय कर्णाली प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश सुशासन केन्द, सुर्खेत प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम र मुसिकोट नगरपालिकाको आयोजनामा मिति २०७८।०१।०२ देखि ५ गते सम्म संचालन भएको स्थानीय तह संस्थागत स्वमुल्याङ्कन कार्यक्रमको आधारमा सम्पर्क व्यक्तिले एकिकृत रुपमा प्रारम्भिक नतिजा प्रस्ताव तयारी गरी प्रमुख प्रशासकीय अधिकृतले छलफलका लागि कार्यापालिका बैठकमा पेश गरेको नतिजा उपर सूचकगत रुपमा छलफल र विश्लेषण गरी यथार्थ अंकभार निर्धारण गरी तपशिल अनुसारको स्वमुल्याङ्कनको अन्तिम नतिजा अनुमोदन गर्ने निर्णय गरियो ।

तपशिल

| सि.न. | विषय क्षेत्र | जम्मा | सूचक संख्या | | | |
|---|---|---|---|---|---|---|
| | | | समग्र अवस्था | प्रकृयागत अवस्था | परिमाणात्मक अवस्था | जम्मा प्राप्ताङ्क |
| १ | सूचक क्षेत्र १: शासकीय प्रबन्ध | ९ | ३ | ४ | २ | ७।७५ |
| २ | सूचक क्षेत्र २: संगठन तथा प्रशासन | ८ | २ | ३ | ३ | ६ |
| ३ | सूचक क्षेत्र ३: बार्षिक बजेट तथा योजना तर्जूमा व्यवस्थापन | ११ | २ | ४ | ५ | ६ |
| ४ | सुचक क्षेत्र ४: वित्तिय एवम् आर्थिक व्यवस्थापन | ११ | २ | ४ | ५ | ९।२५ |
| ५ | सूचक क्षेत्र ५: सेवा प्रवाह | १६ | ३ | ४ | ९ | १२ |
| ६ | सूचक क्षेत्र ६: न्यायिक कार्यसम्पादन | ७ | १ | ३ | ३ | ७ |

मुसिकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय मुसिकोट रुकुम (पश्चिम) कर्णाली, प्रदेश, नेपाल २०७३

नि. प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | सूचक क्षेत्र ७: भौतिक पूर्वाधार | १३ | ३ | ४ | ६ | ४।५ |
| ८ | सूचक क्षेत्र ८: सामाजिक समावेशीकरण | १० | २ | ४ | ४ | ७।५ |
| ९ | सूचक क्षेत्र ९: वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | ९ | १ | ३ | ५ | ४।५ |
| १० | सूचक क्षेत्र १०: सहकार्य र समन्वय | ६ | २ | १ | ३ | ४ |
| जम्मा | | १०० | २१ | ३४ | ४५ | ६८।५ |

४. आगामि आर्थिक बर्षको लागि स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ को दफा ६ को उपदफा ४ बमोजिम तपशिल अनुसार कार्ययोजना तयार गरी स्वीकृति गरियो ।

**तपशिल**

**(दफा ६ को उपदफा ४ सँग सम्बन्धित)**

**स्थानीय तहको स्वमूल्याङ्कन कार्ययोजना**

| क्र.स. | क्रियाकलापहरु | समय सीमा |
|---|---|---|
| १ | स्थानीय तहको बार्षिक कार्यक्रममा LISA सम्बन्धि क्रियाकलापलाई समावेश गर्ने | बार्षिक विकास कार्यक्रम तर्जुमा समय असार १० गतेभित्र |
| २ | कार्यविधिको परिच्छेद ३ बमोजिम फोकल पर्सन तोक्ने | प्रत्येक वर्ष श्रावण पहिलो हप्ताभित्र |
| ३ | सम्पर्क व्यक्तिको संयोजकत्वमा आवश्यक सबै प्रमाणिकरणको आधारहरु (Means of verification) को संकलन तथा विश्लेषणात्मक प्रतिवेदनको तयारी गर्ने । प्रमाणिकरणको आधारहरुको संकलन/तयारी गरि प्रणालीमा प्रविष्टी गर्ने कार्यलाई वर्षभरी नै निरन्तरता दिने | निरन्तर |
| ४ | स्थानीय तहको स्वमूल्याङ्कनको लागी तयारी बैठक गरि प्रमाणीकरणको आधारहरु संकलन तयार भएको सुनिश्चित गर्ने । | प्रत्येक वर्ष श्रावण मसान्तभित्र |

नि. प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| | | ५ | कार्यविधिको परिच्छेद ३ बमोजिम LISA को उद्देश्य, विधि, प्रणालीबारे प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने | प्रत्येक वर्ष भाद्र मसान्तभित्र |
| | | ६ | सहभागीतात्मक छलफल र विश्लेषणको आधारमा सम्बन्धित विषय क्षेत्रको स्वमूल्याङ्कनको अंकभार निर्धारण गर्ने एवं स्वमूल्याङ्कनको प्रणालीमा आधारित भई प्रारम्भिक नतिजा तयार गर्ने । | प्रत्येक वर्ष आश्विन मसान्तभित्र |
| | | ७ | तयार भएको प्रारम्भिक नजिता प्रमुख प्रशासकीय अधिकृतले छलफलका लागी कार्यपालिकाको बैठकमा पेश गर्ने । | प्रत्येक वर्ष आश्विन पहिलो हप्ताभित्र |
| | | ८ | उल्लेखित चरण पुरा गरि तयार पारिएको स्वमूल्याङ्कनको नतिजा अन्तिम नतिजा कार्यपालिकाबाट अनुमोदन गर्ने । | प्रत्येक वर्ष पौष तेस्रो हप्ताभित्र |
| | | ९ | स्वमूल्याङ्कनको अन्तिम नतिजाको समग्र समिक्षा गर्ने :<br>१) सवल र कमजोरर क्षेत्रहरुको पहिचान गर्ने ।<br>२) गत वर्षको तथा अन्य स्थानीय सरकारको नतिजासँग हालको नतिजा तुलना गर्ने ।<br>३) कमजोर रहेका क्षेत्रहरुको सुधारका लागी कार्ययोजना तयार गर्ने । | प्रत्येक वर्ष पौष मसान्तभित्र |
| | | १० | कार्यपालिकाले अनुमोदन गरेको ७ दिनभित्र मूल्याङ्कनको नतिजा कार्यालयको वेवसाईटमा राख्ने र कार्यालयको सूचनापाटीमा प्रकाशन गर्ने । | माघ पहिलो हप्ताभित्र |
| | | ११ | स्वमूल्याङ्कन कार्य सम्पन्न भए पश्चात सो को अन्तिम नतिजा त्यसपछि लगतै बस्ने नगरसभामा जानकारीको लागी पेश गर्ने । | सभाको बैठक बसेको समयमा |
| २. | **आर्थिक विकास शाखा** | १. कृषि क्षेत्रको व्यवसायिकता मार्फत आत्मानिर्भर पालिका निर्माणका लागि ग्लोबल आइएमई बैंक लिमिटेड र यस नगरपालिका बिच मिति २०७७ मंसिर १८ गते कर्जा सहजीकरण कार्यक्रम संचालन गर्ने सम्बन्धि गरीएको समझदारी पत्र अनुसार यस नगरपालिकामा दर्ता भएका कृषि सहकार्य समुहहरुलाई जनप्रतिनिधि, कृषि तथा पशु सेवा शाखा र बैंकको संयुक्त प्रतिनिधि रहेको समितिको अनुगमन प्रतिबेदनको आधारमा आर्थिक विकास शाखाले छनौट गरी बैंकमा सिफारिस गरी पठाउने । | | |

नि. प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| ३. | **स्वास्थ्य शाखा** | **१.** कोभिड १९ को रोकथाम तथा नियन्त्रणको लागि भारत लगायत तेस्रो मुलुकबाट फर्किने व्यक्तिहरुको निगरानी वडा कार्यालयहरुले गरी होम आइसोलेसनमा बस्ने व्यवस्था मिलाउने । कोभिडको प्रचार प्रसार गर्ने, सेवा प्रवाह गर्दा स्वास्थ्य सुरक्षाका मापदण्डको पालना गर्ने गराउने र स्वास्थ्य संस्थाहरुले दैनिक रिपोर्टिङ गर्ने व्यवस्था मिलाउने, भिडभाड हुने गरी कार्यक्रम, सभा सम्मलेन नगर्ने नगराउने । |
| ४. | **प्राविधिक शाखा** | **१.** संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट रुकुम पर्यटन पूर्वाधार विकास, मुसिकोट न.पा. रुकुम पश्चिमको लागि प्राप्त बजेट तथा कार्यक्रम तपशिल अनुसार बाँडफाँड गरी कार्यान्वयन गर्ने । |

**तपशिल**

| क.सं. | योजना / कार्यक्रमको नाम | बजेट रकम | कै |
|---|---|---|---|
| १. | कामी बुढा पार्क निर्माण मु.न.पा. १० | १५,००,००० | |
| २. | शितलपोखरी संरक्षण तथा बाल उद्यान निर्माण मु.न.पा. ४ | ५,००,००० | |
| ३. | मुसिकोट दरवार संरक्षण तथा अन्य पूर्वाधार निर्माण मु.न.पा. ४ | १०,००,००० | |
| ४. | कुप्रेकोट क्षेत्र संरक्षण तथा पार्क निर्माण मु.न.पा. ९ | ५,००,००० | |
| ५. | ठुलि दह संरक्षण तथा पिकनिक स्थल निर्माण मु.न.पा. ७ | १०,००,००० | |
| ६. | साँख दह संरक्षण तथा पर्खाल निर्माण मु.न.पा. ७ | ५,००,००० | |
| | **जम्मा** | **५०,००,०००** | |

नि. प्रमुख प्रशासकीय अधिकृत